बैठक संख्याः ६

श्री

आज मिति २०७९ साल मार्ग १४ गते दिउसो १:०० वजे नगर प्रमुख श्री शम्भुलाल श्रेष्ठज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको बैठकमा उपस्थिति तथा भएका निर्णयहरु यस प्रकार छ ।

## उपस्थिति

| क्र.सं. | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १. | | श्री शम्भुलाल श्रेष्ठ, प्रमुख | प्रमुख |
| २. | | श्री रुद्र प्रकाश उपाध्याय, उप– प्रमुख | उप-प्रमुख |
| ३. | | श्री कृष्ण प्रसाद सापकोटा, प्रमुख प्रशासकीय अधिकृत | सचिव |
| ४. | | श्री सन्त बहादुर गाहा, प्रवक्ता | सदस्य |
| ५. | | श्री सन्दिप सापकोटा, वडाध्यक्ष, वडा नं. १ | सदस्य |
| ६. | | श्री गणेश बहादुर क्षेत्री, वडाध्यक्ष, वडा नं. २ | सदस्य |
| ७. | | श्री प्रकाश चन्द्र अधिकारी, वडाध्यक्ष, वडा नं. ३ | सदस्य |
| ८. | | श्री बेधविना तिवारी, वडाध्यक्ष, वडा नं. ४ | सदस्य |
| ९. | | श्री विमला गुरुङ्ग, वडाध्यक्ष, वडा नं. ५ | सदस्य |
| १०. | | श्री रोहीत थारु, वडाध्यक्ष, वडा नं. ६ | सदस्य |
| ११. | | श्री धुरव थारु, वडाध्यक्ष, वडा नं. ७ | सदस्य |
| १२. | | श्री कविराज आचार्य, वडाध्यक्ष, वडा नं. ८ | सदस्य |
| १३. | | श्री चन्द्रकान्त चापागाई, वडाध्यक्ष, वडा नं. ९ | सदस्य |
| १४. | | श्री राजु मिश्र, वडाध्यक्ष, वडा नं. १० | सदस्य |
| १५. | | श्री फणेन्द्र चौधरी, वडाध्यक्ष, वडा नं. ११ | सदस्य |

| | | | |
|---|---|---|---|
| १६. | | श्री उमाशंकर चौधरी, वडाध्यक्ष, वडा नं. १२ | सदस्य |
| १७. | | श्री नर बहादुर चौधरी, वडाध्यक्ष, वडा नं. १३ | सदस्य |
| १८. | | श्री रुद्र बहादुर आले, वडाध्यक्ष, वडा नं. १५ | सदस्य |
| १९. | | श्री भिमकाजी गुरुङ्ग, वडाध्यक्ष, वडा नं. १६ | सदस्य |
| २०. | | श्री मन्जु चालिसे, कार्यपालिका सदस्य | सदस्य |
| २१. | | श्री सुमित्रा ढकाल, कार्यपालिका सदस्य | सदस्य |
| २२. | | श्री रिता ढुँगाना, कार्यपालिका सदस्य | सदस्य |
| २३. | जानकी | श्री जानकी देवी न्यौपाने, कार्यपालिका सदस्य | सदस्य |
| २४. | | श्री रिता कुमारी सुनार, कार्यपालिका सदस्य | सदस्य |
| २५. | | श्री प्रेम बहादुर भुजेल, कार्यपालिका सदस्य | सदस्य |
| २६. | | श्री गोविन्द विश्वकर्मा, कार्यपालिका सदस्य | सदस्य |
| २७. | | श्री बुद्धेराम वि.क., कार्यपालिका सदस्य | सदस्य |

२८. शरद पंडियाल - संयोजक, नगरप्रमुख सचिवालय

२९. शारदा भट्टराई - प्राविधिक शाखा प्रमुख

३०. शान्ति गुरुङ - नक्सा शाखा प्रमुख

३१ कृष्ण देव पौडेल - स्वास्थ्य शाखा

३२ पिताम्बर सापकोटा वेतपु

<u>प्रस्तावहरु</u>

१. चालु आर्थिक वर्षको दोश्रो नगर सभा आव्हान गर्ने सम्बन्धमा ।
२. नगरपालिकाद्वारा हालसम्म प्रकाशन गरिएका नीति, ऐन, नियम, कार्यविधि र मापदण्डहरु संशोधन एवं पुनरावलोकन गर्ने सम्बन्धमा ।
३. प्रतिनिधि एवं प्रदेश सभाका नवनिर्वाचित सदस्यहरुसँग हुने छलफल कार्यक्रममा प्रस्तुत हुने वडागत प्राथमिकता प्राप्त आयोजना छनौट गरी पठाउने सम्बन्धमा ।
४. खोला सरसफाईको रकम भुक्तानी दिने सम्बन्धमा ।
५. बसपार्कको आय ठेक्का सम्बन्धमा ।
६. प्रारम्भिक वातावरणीय परिक्षण (IEE) सम्बन्धमा ।
७. शेयर लगानी सम्बन्धमा ।
८. विविध

निर्णयहरु :

निर्णय नं. १:

- बर्दघाट नगरपालिकाको १२ औ नगरसभा मति २०७९/०९/१३ गते विहान ९:०० वजे बर्दघाट नगरपालिकाको सभाहलमा गर्ने ।

निर्णय नं. २:

- यस नगरपालिकाद्वारा विभिन्न समयमा निर्माण गरी प्रकाशन गरिएका नीति, ऐन, नियम, कार्यविधि र मापदण्डहरु समय सापेक्ष परिवर्तन, संशोधन एवं पुनरावलोकन गरी नगरसभामा पेश गर्ने।

निर्णय नं. ३:

- प्रतिनिधि एवं प्रदेश सभाका नवनिर्वाचित माननीय सदस्यहरुसँग हुने छलफल कार्यक्रममा वडागत प्राथमिकता प्राप्त आयोजना छनौट गरी पेश गरी गर्ने ।

निर्णय नं. ४

- चुरे पर्वतबाट सुरु भई नगरपालिका हुँदै बग्ने बिसाय खोला, टिसिएन खोला र खहरे खोला कटान हुँदा बस्ती डुवानमा परि ठूलो धनजनको क्षतिहुँदै आएको, विगतदेखिको उल्लिखित समस्याप्रति सम्बन्धित निकायको उदासिनता, कटानले सृजना गर्ने त्रासलाई हटाउन जनप्रतिनिधिबाट उल्लिखित परिदृश्य र भारी वर्षा हुने सम्भावनाको पूर्व आंकलन गरी बर्दघाट नगरपालिकाको कार्यालयमा जनप्रतिनिधिहरु, कर्मचारी, स्थानीय सरोकारवाला, टोल विकास समितिका अध्यक्षज्यू, स्थानीय सुरक्षा निकायका प्रमुखलगायतको वैठकले बिसाय खोला, टिसिएन खोला र खहरे खोलामा भरिएको माटो, बालुवा र फोहोरहरु स्काभेटरले फाल्ने र खोला कटान हुन नदिई जनधनको क्षति कम गर्ने सहमती भए अनुसार सफाई अभियान संचालन गर्दा मेशीनरी औजारको प्रयोग गरि सफाई गरिएकोले उक्त खोला सफाई कार्यको स्थलगत रुपमा प्राविधिक मूल्यॉंकन गर्दा रु १९,१७,५९६/- (अक्षेरुपी उन्नाइस लाख सत्र हजार पाच सय छयानव्वे मात्र) को प्राविधिक मूल्यॉंकन प्रतिवेदन प्राप्त भएकोले मूल्यॉंकन अनुसारको रकम विपद् व्यवस्थापन कोष (सि नं १६४) शीर्षकबाट भुक्तनी दिने ।

निर्णय नं. ५

- यस नगरपालिकाको वडा नं ४ अन्तर्गत रहेको बसपार्कको आय ठेक्का असुली गर्ने सन्दर्भमा मिति २०७९/०४/३१ मा BAR/Revennue/०१-०७९/०८० बाट न्यूनतम कवोल अङ्क रु ९,०००,०००/- कायम गरि पुन विद्युतीय बोलपत्र मार्फत शिलन्दी दरभाउपत्र आह्वान गरिएकोमा बोलपत्र खुलेको समयमा अनिर्सा कन्ष्ट्रक्सन कावासोतीको एकमात्र बोलपत्र समावेश भएको देखिएको तर मुचुल्कामा कवोल अङ्क नदेखिएकोले सोही व्यहोरा उल्लेख गरी मिति २०७९/०५/२८ मा सार्वजनिक खरिद अनुगमन कार्यालयमा थप स्पष्टताको लागि अनुरोध गरिएको तर हालसम्म पनि जवाफ प्राप्त नभएकोले अनिशा कन्ष्ट्रक्सनको तर्फबाट उक्त ठेक्का प्रयोजनको लागि राखेको धरौटी रकम फिर्ता पाउनको लागि कार्यालयमा निवेदन पेश गरेकोले अघिल्लो ठेक्का प्रक्रिया रद्द गरी धरौटी रकम फिर्ता दिने र पुनः टेण्डर आह्वान गर्ने ।

बर्दघाट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी
लुम्बिनी प्रदेश,
नेपाल

निर्णय नं. ६

- यस नगरपालिका अन्तर्गत रहेका खोलाहरु (क. गंगटीखोला, बर्दघाट-२, ख. आम्वास खोला, बर्दघाट-२ र १०, ग. सुखौरा खोला, बर्दघाट-२, घ. चिसापानी- दिव्यनगर खोला, बर्दघाट-२ र ४, ङ. विषया खोला र टि. सि. एन खोला, बर्दघाट-४) को प्रारम्भिक वातावरणीय परिक्षण (IEE) गर्नको लागि श्री जीयो सर्बिस नेपाल परामर्श सेन्टर, ललितपुर नेपाल संग सम्झौता भएकोमा उक्त संस्थाले तयार गरेको IEE मस्यौदा प्रतिवेदन उपर छलफल गरि प्राविधिक पक्षहरुको अध्ययन, विश्लेषण र पुनरावलोकन गरि सिफारिस गर्न प्राविधिक समितिलाई जिम्मा दिने ।

निर्णय नं. ७

- यस बर्दघाट नगरपालिकाको वार्षिक नगर विकास योजनाको सि. नं ७१२ मा कृषि उत्पादनको चिस्यान केन्द्र शीत भण्डार शेयर लगानीमा विनियोजित रकम रु २५ लाख रकम निकासाको लागि जिल्ला सहकारी संघ लि को च. नं २९ मिति २०७९/०८/१३ बाट माग भई आएकोले उक्त विनियोजन रकम अनुसारको शेयर खरिद गर्ने ।

निर्णय नं. ८ विविधः

क) प्राविधिक शाखाबाट तयार भई पेश हुन आएको पारिजात सामुदायिक वन उपभोक्ता समूहको DPR को लागत अनुमानमा परमार्श सेवा दिने व्यक्ति वा विज्ञ समूहको पारीश्रमिक सम्बन्धि मापदण्डको केही आइटम जिल्ला दररेटमा समावेश नभएकोले नेपाल सरकार शहरी विकास तथा भवन निर्माण विभाग ले तोकेवमोजिमको मापदण्ड अनुसार गर्ने गरी उक्त DPR को लागत अनुमान स्वीकृत गर्ने।

ख) बर्दघाट नगरपालिकाबाट तयार भएको स्वास्थ्य तथा सरसफाइ नीति, २०७९ लाई स्वीकृत गर्ने ।

ग) घर नक्साको कामलाई सहज र सरल बनाउनको लागि विल्डिङ्ग एण्ड आर्किटेक्चर इन्जिनियरको खुला प्रतिस्पर्धाबाट करार सेवामा नियुक्तिको आवश्यक प्रक्रिया अगाडि बढाउने ।

घ) बर्दघाट नगरपालिकाको आ. व २०७९/०८० को लागि तयार गरीएको बहुक्षेत्रीय पोषण योजना कार्यक्रमको वार्षिक कार्य योजना स्वीकृत गर्ने ।

ङ) चालु आर्थिक वर्षको वार्षिक नगर विकास कार्यक्रम (आ. व.२०७९/०८०) को मर्मत सम्भार कोष कट्टी शीर्षकमा (ब. सि. नं. १६१) छुट्टाईएको बजेट रु. ५०,००,०००/- (रु पचास लाख रुपैया) रकम मध्येबाट रु ५,९९,७२५/-(रुपैया पाच लाख उनान्सय हजार सात सय पच्चिस मात्र) रकम नगरपालिकाको पुरानो भवनमा पार्टेसन गरी दैनिक कार्यालय संचालनमा खर्च गर्ने ।